# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:-२०७८/०७९
चलानी नं./Dispatch No:-

विगु गाउँपालिका कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल २०७३

मिति/Date: २०७८।०५।१७

**विगु गाउँपालिकाको वडा नं ४ मा मिति २०७८/५/१६ गते गएको पहिरोको विपयमा जरुरी सूचना**

यस विगु गाउँपालिकाको वडा नं ४ स्थित सिंगटी बजार माथिको पुल देखि लादुक जाने सडक खण्डमा मिति २०७८/५/१६ गते रातिदेखि गएको पहिरोको कारणले सडक आवागमन पूर्णरुपमा अवरुद्ध भएको र पहिरोको कारणले बगाएको ढुंगासहितको माटो पुल नजिकैको खोलिखिम बजार क्षेत्रका घरहरुसम्म पुगेको हुँदा करीब ४ वटा घरहरु पूर्णरुपमा प्रभावित भएको तथा बाँकी घरहरु समेत उच्च जोखिममा रहेको कारणले उक्त क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण बासिन्दालाई सुरक्षित स्थानमा सार्नको लागि आवश्यक कार्य भईरहेको छ। पहिरोको कारणले अवरुद्ध सडकलाई खुलाउने काम जारी रहेको तर पहिरो गएको मुख्य स्थानमा पूर्ण रुपमा मर्मत गरी सवारी आवागमन सहज बनाउन थप केही समय लाग्ने भएकोले उक्त सडक प्रयोग गरी यात्रा गर्नु हुने सम्पूर्ण यात्रुहरुलाई प्राकृतिक प्रकोपको कारणले उत्पन्न असुविधाप्रति केही समय धैर्य धारण गरी वैकल्पिक मार्ग प्रयोग गर्नु हुन समेत सूचित गरिन्छ। स्थानीय प्रहरी, गाउँपालिकाको नगर प्रहरी र विपद् व्यवस्थापन समितिको बैठक बसी पहिरो प्रभावितहरुको सुरक्षार्थ थप निर्णयहरु गर्ने कार्य समेत भईरहेको व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

युधिष्ठिर खड्का
गाउँपालिका अध्यक्ष